# नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)
## Communist Party of Nepal (Maoist Centre)
### केन्द्रीय कार्यालय
### Central Office

पत्र संख्या : २०८२/०८३
चलानी नं. :१४

मिति: २०८२/०४/२१

इन्चार्ज/अध्यक्ष,
..... प्रदेश समिति
ने.क.पा. (माओवादी केन्द्र)

**विषयः परिपत्र**

प्रिय कमरेड,

मिति २०८२ साल श्रावण १६-१९ गतेसम्म पार्टी अध्यक्ष क. प्रचण्डको अध्यक्षतामा पार्टी स्थायी समितिको बैठक बसी निम्न विषयहरूमा छलफल तथा निर्णय गरी जानकारी एवं कार्यान्वयनको लागि यो परिपत्र गरिएको छ ।

१. महान् जनयुद्ध, ऐतिहासिक जनआन्दोलन, मधेश आन्दोलन र विभिन्न आन्दोलनका ज्ञात अज्ञात शहीदहरुप्रति एक मिनेट मौनधारणसहित हार्दिक श्रद्धाञ्जली अर्पण गरियो । त्यसैगरी बेपत्ता योद्धा, घाइते अपाङ्ग, जेलनेल र यातना भोगेका तमाम योद्धाहरुप्रति हार्दिक सम्मान व्यक्त गरियो । जनयुद्ध लगायत हालसम्मका बिभिन्न आन्दोलनहरूमा त्याग र वलिदानका कीर्तिमान कायम गर्ने सम्पूर्ण योद्धाहरुका आदरणीय परिवारजनप्रति उच्च सम्मान प्रकट गरियो ।

२. अध्यक्ष क.प्रचण्डबाट वर्तमान परिस्थिति र संगठनात्मक गतिबिधिको बारेमा सामान्य रिपोर्ट प्रस्तुत गरियो । उक्त रिपोर्टको मूल स्पीरिटमा सहमति भएको छ । रिपोर्ट परिमार्जन गर्न आएका सुझावलाई ध्यान दिई आगामी केन्द्रीय समितिको बैठकमा दस्तावेज तयार गरिने छ ।

३. पछिल्लो केन्द्रीय समितिको बैठकदेखि हालसम्मको पार्टी कामको सामान्य समिक्षा गरियो, जसमा तराई- मधेशमा सञ्चालन भएको हुलाकी मार्ग केन्द्रित जागरण अभियान र पहाडमा सञ्चालन भइरहेको मध्यपहाडी लोकमार्ग केन्द्रित अभियानको सकारात्मक प्रभाव, पार्टीका विभिन्न जवस/मोर्चाहरुको अधिवेशनको सफलता र उपनिर्वाचन, पत्रकार महासंघको निर्वाचन तथा स्ववियू निर्वाचनमा प्राप्त सफलताको कारण पार्टी र नेतृत्वप्रति जनताको विश्वास र भरोसा बढेको छ । यथास्थिति र प्रतिगमनको खतराका विरुद्ध समाजवादी मोर्चाद्वारा गत चैत्र १५ गते राजधानीमा आयोजित विशाल जनप्रर्दशन र सभाको प्रभाव सकारात्मक र बहुआयामिक भएको निष्कर्ष निकालियो

। यसैगरी प्यालेस्टाइन र इरानमाथि इजराइली सैन्य आक्रमणको विरुद्धमा विभिन्न घटकहरुसँगको सहकार्यमा कार्यक्रमहरू आयोजना गरियो ।

पार्टीले भ्रष्टाचार, कमिशनतन्त्र र अनियिततताको बिरुद्ध सुशासनको अभियान चलराइरहेको स्थितिमा भिजिट भिसा प्रकरण सतहमा आयो । यस सन्दर्भमा भिजिट भिसा प्रकरणमा छानविनलाई प्राथमिकता दिनु र सदन अवरुद्ध हटाउने निर्णय सही थियो । भिजिट भिसाका सन्दर्भमा पार्टीले बेथिति, अनियमितता र शोषणका मुद्दाहरुलाई गम्भीर रुपमा उठाउँदै उच्चस्तरीय छानविन, दोषीमाथि कडा कारवाही र यसप्रकारको बेथिति, अनियमितता र शोषण अन्त्यको निम्ति जोडदार ढंगले संघर्ष अघि बढाएर अत्यन्त सही पहल गरेको थियो । तर यस क्रममा सुरुमा गृहमन्त्रीको राजीनामालाई बटम लाइन बनाएर सदन अवरुद्ध गर्ने कमजोरीले पार्टीप्रति केही भ्रम र नकारात्मकता पैदा हुन पुग्यो । तर समग्रमा केन्द्रीय समिति बैठकदेखि आजसम्म पार्टीका कामहरु सही र सकारात्मक दिशामा अगाडि बढिरहेको र यसबाट आम जनता र पार्टी पंक्तिमा नयाँ विश्वास पैदा भइरहेको निष्कर्ष निकालियो ।

४. हालै समाजवादी मोर्चा, नेपालको बैठक बसी मोर्चालाई थप सुदृढ र विस्तार गर्ने निर्णय एवम् सातै प्रदेशमा अन्तरक्रियात्मक कार्यक्रमहरू सञ्चालन गर्ने, कार्यदलको प्रतिवेदनलाई अन्तिम रुप दिने निर्णय सही रहेको निष्कर्ष निकालियो । बैठकले क.विप्लव नेतृत्वको ने.क.पा.सँग पार्टी एकता गर्ने त्यसको लागि पहल गर्न वार्ता समिति बनाउने निर्णय सर्वसम्मत रुपले गरिएको छ। साथै समाजवादी मोर्चामा आवद्ध अन्य पार्टीहरु लगायत अन्य समान विचार भएका पार्टीसँग समेत सहकार्य बढाउँदै एकतासम्म पुग्न पहल गर्ने निर्णयसमेत गरिएको छ।

५. बर्षातको कारण रोकिएको मध्यपहाडी लोकमार्ग केन्द्रित जागरण अभियान आगामी भाद्र तेश्रो साताबाट सुरु गरेर आश्विनको पहिलो सातासम्म सञ्चालन गर्ने निर्णय गरिएको छ । अभियानको समापन तथा दशैं पश्चात् केन्द्रीय समितिको बैठक बस्ने निर्णय गरिएको छ।

६. कार्यविभाजनको सम्बन्धमा, केन्द्रीय सचिव क.गंगानारायण श्रेष्ठलाई केन्द्रीय स्कूल विभागको उपप्रमुखमा र स्थायी समिति सदस्य क.डा.विजयप्रकाश सैंजुलाई बागमती प्रदेश समन्वय कार्यालयमा रहनेगरी जिम्मेवारी तोकिएको छ । एकता प्रक्रियाबाट केन्द्रीय सदस्यमा समावेश हुनुभएका अन्य कमरेडहरुको कार्यविभाजन सम्बन्धमा सामान्यतः प्रदेशगत समन्वय समितिहरूमा तत्कालै कार्यबिभाजन भएको भएतापनि समन्वय समितिहरू मार्फत कार्यविभाजनको ठोस प्रस्ताव सिफारिस गर्न बाँकी रहेकोले अविलम्व सिफारिस गरी केन्द्रीय कार्यालयमा पठाउन प्रदेश समन्वय समितिहरूलाई निर्देशन गरिएको छ । विभागहरुमा कार्यविभाजनको लागि सम्बन्धित विभागीय प्रमुखहरुको सिफारिसको आधारमा केन्द्रीय कार्यालयले निर्णय गर्ने छ।

यस्तैगरी, वाईसिएलका निवर्तमान ५ जना उपाध्यक्षहरुलाई वैकल्पिक केन्द्रीय समिति सदस्य बनाउने, विद्यार्थी मोर्चाका निवर्तमान पदाधिकारीहरुको सम्बन्धमा यस अघिको निर्णयबमोजिम केन्द्रीय प्रतिनिधि बनाइएका कमरेडहरुलाई सोही रुपमा यथावत कायम राख्ने, विद्यार्थी मोर्चाका अन्य निवर्तमान पदाधिकारीहरुको हकमा तात्कालिन बिद्यार्थी सम्बन्धी कार्यदलको सिफारिस अनुसार प्रदेश सचिवालय समितिमा सिफारिस भएका कमरेडहरुको हकमा प्रदेश समितिमा यथावत राख्ने र प्रदेश समितिमा सिफारिस भएका कमरेडहरुको हकमा प्रदेश प्रतिनिधिका रुपमा जिम्मेवारी दिने निर्णय गरिएको छ ।

पार्टी बिधानको व्यवस्थाअनुसार कार्यसमितिको बढिमा ५० प्रतिशतसम्म हुने गरी वैकल्पिक सदस्यहरू बनाउन सकिने प्रावधान रहेको छ । तर पार्टी एकता र समायोजन पछिको सन्तुलन मिलाउने क्रममा केही वैकल्पिक सदस्यहरू थप्नुपर्ने भएकाले आगामी केन्द्रीय समितिको बैठक र बिधान अधिबेशनप्रति जवाफदेही हुनेगरी उक्त प्रतिशतमा थपघट गर्न सकिने निर्णय गरिएको छ । वैकल्पिक सदस्य थप गर्नुपर्दा प्रदेश समन्वय कार्यलयहरुको सिफारिसमा केन्द्रीय कार्यालयले निर्णय गर्ने छ ।

**७. संगठन निर्माण र विस्तारबारे निम्न निर्णय गरिएको छ :-**

(क) विधानको व्यवस्था अनुसार संगठित र साधारण पार्टी सदस्यहरुको अन्तरसम्बधलाई स्पष्ट गर्दै संगठित सदस्यहरुलाई अभियानको रुपमा सेल, टोल र इकाईहरु गठन गरी संगठित सदस्यहरु कसैलाई पनि पार्टी कमिटी बिहिन नबनाउने,

(ख) पार्टी कमिटिहरुलाई **'एक कमिटी एक उत्पादन इकाई'** को रुपमा श्रम तथा उत्पादन अभियानसँग जोड्ने । र पार्टीको सबै तहमा संगठित जनशक्ति विन्यास गर्दा आर्थिक उत्पादन अभियानको क्षेत्रमा प्राथमिकता दिने,

(ग) पार्टी केन्द्रीय उपाध्यक्ष क. नन्दबहादु पुन 'पासाङ' को नेतृत्वमा आर्थिक उत्पादन विभाग गठन गरिएको छ । विभागीय प्रमुखको सिफारिसको आधारमा विभागको उपप्रमुख र सदस्यहरू निश्चित गर्ने,

(घ) समाजवादी आन्दोलनको बिशेषता र आवश्यकतालाई ध्यानमा राखि संगठनकर्ताहरुको व्यापक विकास र विस्तारमा जोड दिने,

(ङ) पार्टीको प्रचारात्मक कार्यहरूलाई व्यवस्थित र प्रभावकारी बनाउन हरेक पार्टी समितिहरुले एक/एक जना प्रचारप्रसार तथा सूचना प्रविधि हेर्ने सम्पर्क व्यक्ति निश्चित गर्ने । र सबै सम्पर्क व्यक्तिहरुको जानकारी सम्बन्धित प्रदेश कार्यालय मार्फत केन्द्रीय कार्यालयमा पठाउने,

(च) आगामी महाधिवेशनसम्ममा पार्टीका संगठित सदस्यहरूको आन्तरिक मूल्याङ्कन र जनवादी प्रतिस्पर्धाको उचित समायोजन हुनेगरी नविनतम् मुल्याङ्कन मापदण्ड र निर्वाचन बिधिको ठोस प्रस्ताव तयार गर्ने,

(छ) आलोचना आत्मालोचनाको अभ्यास गर्ने र तत्काल सबै कमिटिहरुमा आत्मालोचनाको प्रक्रिया अगाडि बढाउने,

(ज) पार्टीको निर्णय अनुसार काम कारवाहीहरू भए नभएको अनुगमन र मुल्याङ्कन गर्नका लागि सबै तहका कमिटिहरुले अनुगमन र मुल्याङ्कनको व्यवस्थालाई प्रभावकारी बनाउने,

(झ) सबै स्तरका कार्यालय तथा सचिवालयलाई व्यवस्थित गर्ने,

(ञ) पार्टीका बैठकहरु पर्याप्त गृहकार्य सहित संक्षिप्त रुपमा गर्ने अभ्यासमा जोड दिने,

(ट) स्थायी समितिको बैठकले विभिन्न स्तर र रुपमा देखा परेका गुट र स्वार्थ समूहहरु विघटन गर्ने सामूहिक संकल्पसहित संस्थागत रुपमा पार्टी संगठनहरू सञ्चालन गर्ने प्रतिवद्धता व्यक्त गरेको छ । बैठकबाट गुट र स्वार्थ समूहहरुका अलग बैठक बस्ने, पार्टीको आधिकारिक नीति, निर्णय पद्धति विपरित सामाजिक सञ्जाल लगायतबाट सार्वजनिक प्रचार गरी पार्टी र आन्दोलनलाई कमजोर पार्ने सबै प्रकारका गतिविधि माथि रोक लगाइएको छ । पार्टीको यो निर्णय र स्पीरिट विरुद्ध गतिविधि गर्ने जो कसैलाई अनुशासनको कारबाहीको दायरामा ल्याइने निर्णय गरिएको छ ।

८. स्थायी समिति बैठकमा आन्तरिक पार्टी एकता सुदृढ गर्ने सम्बन्धमा पार्टीका केन्द्रीय उपमहासचिव क.जनार्दन शर्मा 'प्रभाकर' का सार्वजनिक अभिव्यक्ति र गतिविधिबारे गम्भीर छलफल भयो । छलफलका क्रममा विशेषतः पार्टी नीति र नेतृत्वविरुद्ध सार्वजनिक अभिव्यक्ति दिने, पदाधिकारी बैठकमा उपमहासचिवका रुपमा माइन्युटमा हस्ताक्षर नगर्ने, गुटबन्दिजन्य गतिबिधिहरू सञ्चालन गरिरहने जस्ता कार्यहरू पार्टी नीति विपरित भएको ठहर सहित स्थायी समिति सदस्यहरुबाट क. प्रभाकरलाई उक्त क्रियाकलापहरूप्रति आत्मालोचना गरी गल्ती कमजोरी सच्याउन जोड दिइयो । अध्यक्ष कमरेडले बैठकको अन्तिमसम्म पनि स्थायी समितिका सदस्यहरुको सुझाव र आलोचनालाई आत्मसाथ गरी कमजोरी सच्याउन विशेष आग्रह गर्नुभयो । तर कमरेड प्रभाकरले माइन्यूटमा हस्ताक्षर नगरेको बिषय बाहेक अन्य बिषयहरूमा ठोस रुपमा आत्मालोचना गर्नुभएन र उल्टै पार्टी नेतृत्वविरुद्ध निराधार आरोपहरू लगाउनुभयो । अतः स्थायी समिति बैठकले पार्टी नेतृत्वका बिरुद्ध लगाइएका निराधार आरोपहरूलाई खारेज गर्दै क. प्रभाकरलाई कडा आलोचनासहित भविष्यमा त्यसप्रकारका अभिव्यक्ति र गतिविधि नगर्न निर्देशन दिने निर्णय गरेको छ । स्थायी समिति बैठकले आफ्ना भिन्न मत भए कमिटिमा विधिसम्मत छलफलको स्वतन्त्रता रहने विश्वास दिलाउँदै पार्टीलाई एकताबद्ध बनाई अगाडि बढ्न पनि जोड दिएको छ ।

***क्रान्तिकारी अभिवादन सहित !***

(देव गुरुङ)
महासचिव

(पुष्पकमल दाहाल 'प्रचण्ड')
अध्यक्ष

## नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)को स्थायी समिति बैठकद्वारा पारित समसामयिक राजनीतिक प्रस्ताव

(१) संघीय लोकतान्त्रिक गणतन्त्र, सामाजिक न्याय र राष्ट्रिय स्वाधीनताका लागि नेपाली जनताद्वारा सञ्चालित ऐतिहासिक जनयुद्ध, संयुक्त जनआन्दोलन, मधेश आन्दोलन लगायतका राजनीतिक एवम् सामाजिक आन्दोलनमा आफ्नो अमुल्य जीवन उत्सर्ग गर्ने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै वेपत्ता, घाइते अपाङ्ग योद्धाहरुप्रति उच्च सम्मान प्रकट गर्दछ । र, उहाँहरुको आदर्शलाई पछ्याउँदै अगाडि बढ्ने दृढ संकल्प गर्दछ ।

(२) हाल तराई मधेशका अधिकांश क्षेत्रहरुमा देखिएको पानीको गम्भीर संकटप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ । चुरे क्षेत्रको अन्धाधुन्ध दोहन, नीतिगत व्यवस्थापनमा उपेक्षा र जलस्रोतको व्यवस्थापनमा भएको उदासीनताले गर्दा किसानहरु रोपाई गर्नबाट बञ्चित भएका छन् । पानीका श्रोतहरु सुक्दै जानु, सिंचाईको समुचित व्यवस्था नहुनु, चुरे विनाश, प्राकृतिक श्रोतको अवैध उत्खनन्, वन अतिक्रमणका कारण सिर्जित वातावरणीय असन्तुलनले गर्दा तराई मधेश आज भूगर्भीय संकटमा फसेको छ । यो सन्दर्भमा, तराई-मधेश क्षेत्रका कृषक जनताले भोगिरहेका जटिल समस्याप्रति सरकारको उदासीनता र बेवास्ताप्रति यो बैठक गहिरो चिन्ता प्रकट गर्दै खडेरीका कारण मारमा परेका कृषकहरुलाई तत्काल राहत प्रदान गर्न सरकारसँग जोडदार माग गर्दछ । यसका साथै तराई मधेस क्षेत्रलगायत आत्मनिर्भर कृषि अर्थतन्त्र विकासका लागि दीर्घकालीन तथा अल्पकालीन योजना निर्माणको माग गर्दछ । हाम्रो पार्टी नेतृत्वको सरकारले अघि सारेको कृषिमा लगानी दशक योजनालाई कार्यान्वयनमा ल्याउन माग गर्दछ ।

(३) चाडपर्वहरु नजिकिदै गर्दा जनताको उपभोग्य बस्तुहरुमा भएको मुल्यबृद्धिको कारण जनजीवन थप कष्टप्रद बन्दै गएकोले तत्काल मूल्यवृद्धि तथा कालोबजारी नियन्त्रण गर्न र सीमाबाट भित्रिने आम नागरिकलाई दुःख दिने कार्य बन्द गर्न सरकारसँग माग गर्दछ ।

(४) लाखौं विद्यार्थी र समग्र राष्ट्रको भविष्यसँग जोडिएको विद्यालय शिक्षा विधेयकमाथि केही स्वार्थ समूहको प्रभावमा परेर गरिएको ढिलाइप्रति यो बैठक गम्भीर आपत्ती प्रकट गर्दछ। यसअघि शिक्षक महासंघसँग भएको सहमति अविलम्ब कार्यान्वयन गर्दै विधेयक तुरुन्त पारित गर्न बैठकले सरकारलाई आग्रह गर्दछ। साथै, नेपाल प्रहरीसम्बन्धी विधेयकलाई समेत शीघ्रता दिन माग गर्दछ ।

(५) सहकारी ठगहरुलाई कार्बाही गर्नुको साटो सत्तानिकट व्यक्तिहरुलाई संरक्षण गर्ने र पीडितहरुका पक्षमा प्रभावकारी कार्य नगर्ने सरकारी रवैयाको घोर भर्त्सना गर्दै पीडितहरुको वचत रकम फिर्ता गरी दोषीमाथि कडा कानुनी कार्वाहीको माग गर्दछ ।

(६) पश्चिम एशिया र मध्यपूर्व लगायत विभिन्न क्षेत्रमा बढ्दै गइरहेको तनावप्रति हाम्रो पार्टी गहिरो चिन्ता व्यक्त गर्दछ । संयुक्त राष्ट्रसंघको दुई राज्य समाधान प्रस्तावलाई समर्थन गर्दै प्यालेष्टाइनी जनताको आत्मनिर्णयको अधिकारसहितको स्वतन्त्र एवम् सार्वभौम राज्यको मागलाई उचित ठहर गर्दछ । साथै इजरायलबाट गाजा क्षेत्रमा भइरहेको नरसंहारको भर्त्सना गर्दछ । वार्ताद्वारा शान्तिपूर्ण ढंगले समस्या समाधानको लागि सम्बद्ध सबै पक्षलाई आव्हान गर्दै हमास समूहले कब्जामा लिएका विपिन जोशीको रिहाई एवम् मध्यपूर्व लगायतका ठाउँमा रहेका लाखौं नेपालहरुको सुरक्षाका लागि थप कुटनीतिक पहल बढाउन सरकारको गम्भीर ध्यानाकर्षण गर्दछ ।

पेरिसडाँडा (कोटेश्वर), काठमाडौं, फोन : ९७७-१-४६१२२८७, ४६१२२८८, ४६१२२९० फ्याक्स : ९७७-१-४६१२२८९ Email: cpnmcentre@gmail.com, Website: www.cpnmc.org

(७) रसुवाको भोटेकोशी त्रिसुली नदीको बाढीमा परी मृत्यु हुनेहरुप्रति हार्दिक श्रद्धाञ्जली तथा मृतकका परिवारप्रति गहिरो समवेदना प्रकट व्यक्त गर्दै घाइतेहरुको निशुल्क उपचार व्यवस्था गर्न सरकारसँग माग गर्दछ । राहत पुनर्स्थापना र क्षतिग्रस्त पूर्वाधारको पुनर्निर्माण र विपद पूर्व तयारीको काममा ध्यान दिन र बाढी प्रभावितहरुका लागि राहत प्रदान गर्न जोडदार माग गर्दछ ।

(८) जाजरकोट, रुकुम लगायत भूकम्प प्रभावित क्षेत्रको पुनर्निर्माणमा भैरहेको ढिलाईप्रति सरकारको गम्भीर ध्यानाकर्षण गर्दछ ।

(९) शान्ति सम्झौताको भावना र मर्मअनुरुप शान्ति प्रक्रियाका बाँकी कामलाई अगाडि बढाउन सरकारले सहजीकरणको लागि उचित प्रवन्ध गर्न सरकारको ध्यानाकर्षण गर्दछ ।

(१०) रोपाइँ सत्र अन्तिम चरणमा पुगिसक्दा पनि किसानले मल नपाएको अवस्था अत्यन्त चिन्ताजनक छ । मलखाद आयात तथा वितरणमा विचौलियाको प्रभाव र भ्रष्ट चलखेलको बैठक भर्त्सना गर्दछ । कृषि, मल, बिऊको आवश्यकता अनुसार उपलब्ध गर्न र समयमा नै कृषि उपजको समर्थन मुल्य तोक्न माग गर्दछ ।

(११) अनौपचारिक क्षेत्रका श्रमिकहरु न्यूनतम् ज्यालामा वृद्धि गर्न जोडदार माग गर्दछ ।

(१२) देशका विभिन्न भागमा देखिएका सीमा सम्बन्धी समस्याहरु समाधानका लागि कुटनीतिक पहल थप प्रभावकारी बनाउन माग गर्दछ । साथै सीमा क्षेत्रमा बढ्दो तस्करी नियन्त्रण गर्न प्रभावकारी कदम चाल्न यो बैठक सरकारसमक्ष माग गर्दछ ।

(१३) शक्ति पृथकीकरणको सिद्धान्त विपरित कार्यपालिकाबाट विधायिकामाथि गरिएको हस्तक्षेपको यो बैठक कडा भर्त्सना गर्दछ । संघीय निजामती सेवा विधेयकमाथि प्रधानमन्त्रीले नेतृत्व गर्ने पार्टीद्वारा गरिएको अवैध निर्देशन तथा विधायन प्रक्रियामाथिको प्रहार अस्वीकार्य छ । यसप्रति गम्भीर सरोकार व्यक्त गर्दै सम्बद्ध निकायका चासोलाई सम्बोधन गरी विधेयक तुरुन्त पारित गर्न सरकार समक्ष जोडदार माग गर्दछ ।

(१४) सरकारद्वारा भूमाफिया तथा विचौलियाहरुको स्वार्थमा भूमिसम्बन्धी विधेयक ल्याउने षडयन्त्र भइरहेकोमा गम्भीर आपत्ती व्यक्त गर्दै भूमहीन, सुकुम्वासी जनतालाई तत्काल न्याय दिने गरी अग्रगामी रुपान्तरणका पक्षमा भूमिसम्बन्धी विधेयक संसदमा प्रस्तुत गर्न माग गर्दछ ।

(१५) सरकारकै मन्त्रीहरुमाथि भ्रष्टाचारको आरोप लागिरहँदा समेत छानवीनको प्रयत्न नगिरनुबाट सुशासनप्रति राज्यको जवाफदेहिता शून्य भएको पुष्टी भएको छ । यो बैठक सरकारका सुशासनविरोधी कदमको विरोध गर्दै आरोपित मन्त्रीहरुमाथि छावनीनको माग गर्दछ ।

(१६) उखु किसानलाई दिइँदै आएको अनुदानमा गरिएको ५० प्रतिशत कटौतीको यो बैठक कडा विरोध गर्दछ। किसानलाई तत्काल न्याय दिनु पर्ने माग गर्दछ।

(१७) सरकारबाट पाउनुपर्ने वक्यौता रकम अझै प्राप्त नगरेका दुग्ध किसानहरू गम्भीर समस्यामा परिरहेका छन् । बैठकले तिनीहरूलाई तत्काल भुक्तानी उपलब्ध गराउन माग गर्दछ ।

(१८) जहाँ सरकार, त्यहाँ व्यापक भ्रष्टाचार अहिले पर्यायवाची बनेका कारण आमजनतामा चुलिँदो आक्रोशलाई बैठकले गम्भीररूपमा लिन्छ । भ्रष्टाचारविरुद्ध निर्णायक कदम चाल्दै, सार्वजनिक पदधारक तथा उच्चपदस्थ नेताहरूको सम्पत्रि् छानबिन गर्न अधिकार सम्पन्न उच्चस्तरीय आयोग गठन गर्न यो बैठक माग गर्दछ ।

(१९) ऐतिहासिक बलिदानबाट प्राप्त महिलाहरुका संवैधिनिक अधिकारमाथि विभिन्न तवरले हस्तक्षेप गर्दै लैगिक समानता विरोधी कानून निर्माणका प्रयासहरुको कडा विरोध गर्दछ । राज्यबाटै महिलाविरोधी

व्यवहार तत्काल अन्त्य गर्दै, 'छाउपडी' र महिलामाथिको हिंसाविरुद्ध राष्ट्रव्यापी अभियान घोषणा गर्न सरकारसँग माग गर्दछ ।

(२०) जातीय विभेद र आर्थिक शोषणको दुश्चक्र झेलिरहेका दलित समुदायमाथि राज्यबाट भइरहेका विभेदहरूको यो बैठक घोर भर्त्सना गर्दछ । दलित समुदायका संवैधानिक अधिकार कार्यान्वयन गर्न दलित एन तर्जुमा तथा विशेषाधिकार सम्पन्न दलित विकास प्राधिकरणको तुरुन्त स्थापना गर्न सरकारसमक्ष माग गर्दछ ।

(२१) विद्युत क्षेत्रमा आत्मनिर्भरता र निर्यातको पर्याप्त आधार तयार भएको अवस्थामा दलाल र विचौलियाको स्वार्थमा गरिएको राजनीतिकरणप्रति बैठक कडा आपत्ति व्यक्त गर्दछ । कतिपय क्षेत्रमा पुनः लोडसेडिङ देखा परिरहेको, विगतमा अत्यन्तै न्यून अवस्थामा पुगेको विद्युत चुहावट उल्लेख्यरुपमा बढेको सन्दर्भमा विद्युत क्षेत्रको सुशासन र पारदर्शिता कायम गर्न बैठक जोडदार माग गर्दछ ।

(२२) त्रिभुवन विश्वविद्यालय लगायत अन्य शैक्षिक संस्थानमा मेरिटोक्रेसीको उल्लंघन गर्दै दलगत हस्तक्षेप गरिनु अत्यन्त दुर्भाग्यपूर्ण भएको ठहर गर्दै बैठकले गम्भीर आपत्ति प्रकट गर्दछ । शिक्षा क्षेत्रमा दलगत स्वार्थको अन्त्य गर्न तथा राष्ट्रीय आवश्यकता अनुरुप दक्ष जनशक्ति निर्माण गर्न उच्च शिक्षा क्षेत्रका विकास गर्न यो बैठक माग गर्दछ ।

(२३) संवैधानिक निकायहरूमा गरिएको हस्तक्षेप, चयनमुखी अनुसन्धान तथा अभियोजन प्रक्रिया अन्त्य गर्न माग गर्दछ ।

(२४) निर्वाचन आयोग लगायत संवैधानिक निकायहरूमा रिक्त पद पूर्तिप्रति सरकारको वेवास्ताप्रति खेद प्रकट गर्दै तत्काल पदपूर्तिको प्रक्रिया अघि बढाउन माग गर्दछ ।

(२५) युवा उद्यमशीलता प्रवर्द्धन गर्न अघि सारिएको स्टार्टअप कार्यक्रमको बजेट घटाइनु तथा विनियोजित बजेट समेत कार्यकर्तालाई रकम बाँड्ने संयन्त्रकारुपमा विकास गरिएकोमा आपत्ती व्यक्त गर्दै वैज्ञानिक प्रणालीमार्फत सिर्जनशीलता र नवप्रवर्तनका युवा सोँच तथा अवधारणामा आधारित परियोजनाहरुलाई लगानी गर्न माग गर्दछ ।

(२६) सरकारले दलाल र विचौलियाका पक्षमा एकपछि अर्को गर्दै चालेका जनविरोधी कदमको निन्दा तथा भर्त्सना गर्दै सुशासन, जनतन्त्र र जनजीविकासँग जोडिएका मुद्दाहरूमा एक भई अघि बढ्न सबैमा हार्दिक अपील गर्दछ ।

धन्यवाद !

२०८२ साउन १९ गते

पेरिसडाँडा (कोटेश्वर), काठमाडौं, फोन : ९७७-१-४६१२२८७, ४६१२२८८, ४६१२२९० फ्याक्स : ९७७-१-४६१२२८९ Email: cpnmcentre@gmail.com, Website: www.cpnmc.org